# अहिलेको अवस्थामा नेपालमा डेरी व्यवसाय



**प्रह्लाद दाहाल**
महासचिव, नेपाल डेरी एसोसियन

अहिलेको अवस्थाभन्दा पहिले पनि नेपालमा व्यवसाय कठिन अवस्थामा नै चलि रहेको थियो । कठिन यस अर्थमा कि नेपालमा नै कच्चा पदार्थ उपलब्ध भएर नेपालमा नै खपत हुने एक मात्र व्यवसाय हो डेरी व्यवसाय । यद्यपि यस व्यवसायमा भएका मुख्य समस्याहरू दक्ष कामदार, लोडसेडिङ तथा आधुनिक प्रविधिहरू हाम्रा निम्ति समस्याका रूपमा रहेका छन् साथै दुधको आयु पनि थोरै हुने हुनाले दुध निकै छिटो बिग्रन जान्छ । त्यस बाहेक नेपालको भौगोलिक अवस्थितिको कारणले गर्दा पनि हामीलाई काम गर्न गाह्रो हुने गरेको छ । दुधको आयु सामान्यतया ४ घण्टा हुने गर्दछ तर नेपालका काठमाडौँका नजिकका ग्रामीण बस्तीबाट दुध काठमाडौँ आउनका निम्ति पनि झन्डै १०/१२ घण्टा लाग्छ । नेपालमा भएको बन्द हडतालका कारण पनि नेपालमा समस्या उत्पन्न भएको छ । कुनै दुर्घटना भएको खण्डमा पनि सामान्यतया २/३ दिनसम्म बाटो नै बन्द भइ रहने अवस्था छ । यसले गर्दा सम्पूर्ण दुध बिग्रने हुन्छ । नेपालमा इन्धन पनि निकै नै महँगो छैन ।

### के हो दुध ?

दुधलाई बहुआयामिक वस्तुका रूपमा विभिन्न प्रयोजनका निम्ति प्रयोग गर्न सकिन्छ । यस कारण डेरी उद्योगका निम्ति यसलाई कच्चा पदार्थका रूपमा पनि लिन सकिन्छ । यसबाट आइसक्रिम, बरफ, चिज, कुल्फी, दही, मह, घिउ, पनिर, पुष्टकारी लगायतका सामानहरू उत्पादन गर्न सकिन्छ । नेपालका सबैजसो क्षेत्रमा व्यावसायिक तबरले नै डेरी व्यवसाय फस्टाउँदै गएको अहिलेको परिस्थितिमा सहरी क्षेत्रमा त किसानले सबै दुध बिक्री गर्न सक्ने अवस्था रहन्छ तर ग्रामीण क्षेत्रमा भने किसानहरूले आफूले उत्पादन गरेको दुधलाई अन्य सुक्खा उत्पादनका रूपमा खुवा, छुर्पी जस्ता वस्तुहरू उत्पादन गर्न सकिने भए पनि तापक्रमलाई निश्चित मात्रामा कायम गर्न नसकिने हुनाले आइसक्रिम तथा पुष्टकारी भने बनाउन सकिँदैन ।

**आयातित वस्तु नै मुख्य प्रतिस्पर्धी :**

नेपाली डेरी उद्योगका निम्ति मुख्य प्रतिस्पर्धा आयातित वस्तुसँग हुने गरेको छ । नेपाल सरकारले नेपालमा नै रहेका उद्योगहरूलाई सहयोग गर्नका निम्ति कुनै पनि किसिमको अतिरिक्त कर नलगाईकन स्वदेशी उद्योगको प्रवर्द्धनमा लाग्नु पर्ने भए पनि अहिलेसम्म यस्तो गर्न सकेको भने देखिँदैन । विदेशबाट आएका कतिपय सामानहरू नेपालभन्दा सस्तोमा समेत पाइने भएको हुनाले नेपालमा डेरी व्यवसाय भर्खरै उदाउँदै गरेको र राम्रो सम्भावना बोकेको व्यवसाय हुँदाहुँदै पनि त्यस किसिमले अघि बढ्न सकेको छैन ।

**डेरी व्यवसायमा लगानी :**

अहिले नेपालमा डेरी क्षेत्रमा करिब १५ अर्ब रकम लगानी भएको अनुमानित तथ्याङ्क पाइन्छ । ५६ लाख व्यक्तिहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको यस व्यवसायमा ४ हजार व्यक्तिहरूले मुख्य पेसाका रूपमा नै डेरी क्षेत्रलाई लिने गरेका छन् । यद्यपि नेपालमा डेरी विज्ञहरूको सङ्ख्या करिब डेढ सयको हाराहारीमा मात्र छ । अहिले नेपालमा फुड टेक्नोलोजी अन्तर्गत डेरी टेक्नोलोजी कार्यक्रम पनि औपचारिक शिक्षाको रूपमा नै आएको नेपाली शैक्षिक संस्थाहरूबाट नै उत्पादित दक्ष जनशक्ति बजारमा आइ सकेको भए पनि नेपालमा यस किसिमका जनशक्तिलाई टिकाइ राख्नु पनि मुख्य चुनौतीको रूपमा नै रहेको छ ।

नेपालमा भएका श्रमिकहरू डेरी क्षेत्रका

निम्ति दक्ष तथा सिपयुक्त नभएका कारण भारतबाट नै कामदारहरू ल्याउनु परेको छ । भारतबाट कामदार ल्याउने क्रममा उनीहरूलाई दिनु पर्ने ज्याला बढी हुने तर कामदारहरू दीर्घकालीन नहुने साथै अहिले नेपालमा विभिन्न समस्याहरू भएका कारण कामदारहरूलाई पनि राम्रो सुविधा दिएर काममा राख्न सकिने अवस्था नै छैन ।

**नेपालमा दक्ष कामदारलाई राम्रो सुविधा दिन सकिन्छः**

नेपालमा नै आत्मनिर्भर भएर चल्न सक्ने एक मात्र व्यवसाय भनेको डेरी व्यवसाय नै हो । यति हुँदाहुँदै पनि वातावरण राम्रो बन्न नसकेका कारण चल्न सक्ने अवस्था भने छैन, यसै कारण सबैभन्दा पहिले त राज्यले उद्योग मैत्री वातावरण सृजना गरिदिनु पर्छ, विदेशमा कसैले उद्योग सञ्चालन गर्न चाहेको खण्डमा सहुलियत ऋण, करछुट लगायतका सुविधाहरू दिइने भए पनि नेपालमा भने उद्योग सुरू हुन नपाउँदै राज्यले समेत विभिन्न नाममा उद्योग सञ्चालनमा नै भार पर्ने किसिमले करहरू लिने हुनाले जोसयुक्त मानिसहरू पनि यस क्षेत्रमा आउन पनि चाहँदैनन् ।

नेपालमा पहिलेदेखि नै लगानी मैत्री वातावरण थिएन । यद्यपि अहिलेको बन्द, हडताल र नाकाबन्दीका कारण यो क्षेत्र अझ बढी प्रभावित भएको छ । नेपाल पनि WTO को सदस्य भइ सकेको अहिलेको अवस्थामा हामीले विश्वस्तरीय उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास गर्नु पर्ने भएकाले हामी उद्यमीहरू त प्रयासरत नै छौँ । यसका निम्ति त सबै कुराहरू मिलेर आउनु पर्छ, तर अहिलेको अवस्थामा भने त्यति सहज छैन । नेपालमा व्यवसाय गर्नुपूर्व सुरूमा उद्योग दर्ता प्रक्रिया नै निकै झन्झटिलो छ । यी सबै कुराहरूलाई मिलाएर अघि बढ्नु पर्ने हुन्छ ।

डेरी क्षेत्रलाई अहिलेको अवस्थामा लगानीका आधारमा ४ तहमा वर्गीकरण गर्दै आइएको छ । डेरी उद्योगलाई घरेलु, साना, मझौला र ठुला गरी चार प्रकारमा वर्गीकरण गरिएको छ । लगानीको हिसाबले हेर्ने हो भने कटेज डेरीमा ५ लाखबाट अर्बौं रूपियाँसम्मको लगानी गर्न सकिन्छ । अहिलेको अवस्थामा नेपालमा सबैभन्दा बढी सङ्ख्यामा घरेलु डेरीहरू सञ्चालनमा रहेका छन् तर पछिल्ला वर्षहरूमा भने नेपालीहरू पनि शिक्षित र व्यावसायिक बन्दै गएका कारण घरेलु डेरीमा भन्दा पनि ठुलो सामूहिक लगानीमा कम सङ्ख्यामा डेरीहरू सञ्चालन गर्ने क्रम बढ्दो छ ।

**आफू सक्षम क्षेत्रमा मात्र लगानी गरौँ**

पछिल्ला वर्षहरूमा नेपालका ग्रामीण क्षेत्रमा पनि किसानहरूबाट दुध सङ्कलन गर्ने काम हुँदै आएको छ । सामान्यतया मानिसहरूले यसैलाई नै डेरीको रूपमा बुझ्ने गरेका भए पनि वास्तविक अर्थमा डेरी उद्योग भनेको दुध सङ्कलन गर्ने नभई दुधबाट विभिन्न उत्पादनहरू बनाउने उद्योग हो । यद्यपि अहिले ग्रामीण क्षेत्रमा किसानहरूबाट सङ्कलित दुधलाई सहरमा लगेर डेरी खोल्नका निम्ति प्रोत्साहन दिने गरेको पनि पाइन्छ तर मैले के भन्दै आएको छु भने आफूसँग जुन कामको राम्रो ज्ञान छ, त्यही काम नै गर्नु पर्छ। किसानले डेरी खोल्ने र डेरी सञ्चालकले गाईभैँसी पाल्ने हो भने (यी दुवै आपसमा सम्बन्धित छन्) कोही पनि सफल हुन सक्दैन, असफलताको प्रभाव एक जना व्यक्ति अथवा एउटा संस्थामा मात्र सीमित हुँदैन, यसले सबै सम्बन्धित मानिसहरूमा वितृष्णता जगाउँछ ।

**अबको प्रतिस्पर्धा गुणस्तरमा :**

अहिले भारत लगायतका विभिन्न देशहरूबाट नेपालमा आउने डेरी उत्पादनको हिस्सा करिब २५ प्रतिशत छ । अहिले नेपालमा भारत, चीन, बङ्गलादेश लगायतका देशहरूबाट नेपालमा डेरी उत्पादनहरू आइ रहेका छन्, नेपालमा बाध्य मुलुकबाट सामान आउनुमा हाम्रो आपत्ति होइन तर बाहिरबाट आउने सामानसँग प्रतिस्पर्धा गर्न सक्ने किसिमका सामानहरू हामीले बनाउन नसक्ने हो भने हामी ढिलोछिटो विस्थापित हुनु पर्ने अवस्था आउन सक्छ । हामीले यी कुरालाई पनि विचार गर्नुपर्छ ।

**स्वदेशीलाई प्रोत्साहन : आयातितमा कर**

केही पहिले नेपालमा भारतीय योगगुरू रामदेवले नेपालमा आएर घिउ बेच्ने क्रममा नेपालको करिब २ अर्ब रकम बराबरको घिउ बिक्री हुन नसक्ने अवस्था आयो । तत्पश्चात् राज्यले आयातित घिउमा कर लगाउने कुरा अघि बढाएपछि अहिले भने नेपालको घिउ पनि सहज रूपमा नै बिक्री भइ रहेको छ। हामीले बाध्य

देशबाट आयातित सामानमध्ये कुनलाई प्रोत्साहन गर्ने र कुनलाई निरूत्साहन गर्ने भन्ने कुरामा ध्यान दिएको खण्डमा नेपालमा भएका सामानको पनि राम्रोसँग बिक्री हुने अवस्था आउँछ ।

**उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग :**

हामीले पनि सम्भव भएसम्म आफ्नै स्रोत साधनको प्रयोग गरेर नै अघि बढ्नु जरूरी हुन्छ र भारतको उदाहरण हेर्ने हो भने आफ्नो देशमा कार बनाउनका निम्ति सम्भव नहुने समयसम्म भारतमा कार भित्र्याउन पुरै बन्द गरिएको थियो । नेपालमा पनि अन्तर्राष्ट्रिय क्षेत्रसँग प्रतिस्पर्धा गर्न नसकिने समयसम्म बाध्य सामानलाई पूर्ण रूपमा बन्द गरिनु पनि जरूरी हुन्छ । यो काम राज्य स्तरबाट नीतिगत रूपमा नै हुनु जरूरी हुन्छ । राज्यकै लगानी रहेका दुग्ध विकास बोर्ड तथा कृषि मन्त्रालयमा पनि हामीले यस्ता कुराहरू राखेका छौँ ।

**नेपालमा डेरी उद्योग कति अघि बढ्यो ?**

विगत १० वर्ष पहिले नेपालमा दुध बिक्री हुन नसकेर सडकमा फाल्नु पर्ने बाध्यात्मक अवस्था थियो जसलाई मिल्क होलिडे भन्ने गरिन्थ्यो तर यसको सुखद पक्ष पनि छ । अहिले काठमाडौं उपत्यकामा अस्तित्वमा रहेका साना डेरीहरू त्यसपछि नै सञ्चालनमा आएका हुन् । काठमाडौं आसपासका किसानहरूले त्यसपछि काठमाडौंमा घरेलु डेरीहरू सञ्चालनमा ल्याउन थाले । बिस्तारै नेपालमा भएको दुध सबै खपत हुने अवस्थामा मात्र आएन, नेपालमा करिब ५ लाख लिटर दुधको अभाव पनि हुन गयो ।

**५.९५ रुपियाँ अनुदान आवश्यक छ :**

अहिलेको अवस्थामा भने नेपालमा दुधको उत्पादन १० प्रतिशतले बढेको छ भने खपत ८ प्रतिशतले बढी रहेको छ । हामी लगभग दुधमा आत्मनिर्भर भइ सकेका छौँ । दैनिक ४०/५० हजार लिटर दुध बढी नै छ । नेपालमा दुध बढी भएका कारण नेपालबाट भारतमा पनि दुध पठाउने कुरा भएको थियो । तर नेपालको दुध भारतको तुलनामा महँगो छ । त्यस कारण हामी प्रतिस्पर्धी बन्नको निम्ति राज्यले प्रतिलिटर ५ रूपियाँ ९५ पैसा अनुदान दिनुपर्ने अवस्था आएको छ । यद्यपि परिस्थिति असहज भएको कारण यसलाई हाल नेपालमा पाउडर दुधको रूपमा राखिएको छ । दुधको अभाव भएको अवस्थामा यही पाउडर दुधको प्रयोग गर्न सकिन्छ ।

**बढ्दैछन् व्यावसायिक कृषक :**

अहिलेको अवस्थामा मानिसहरू बाहिरबाट हेर्दा घट्दै गइ रहेको देख्न सकिन्छ तर यसको सुखद पक्ष भनेको अहिले यो क्षेत्र पनि व्यवसायीकरण हुंदै गएको छ । दुग्ध क्षेत्रको कुरा गर्ने हो भने मानिसहरूको संलग्नता कम देखिए पनि उत्पादन भने बढेको छ । केही नयाँ प्रविधिहरू पनि अहिले कृषिको क्षेत्रमा भित्रिएका छन् ।

**निर्यातमुखी हुन पहल गरौँ :**

विगतमा नेपालका करिब ८३ प्रतिशत मानिसहरू कृषिमा संलग्न रहेको भन्ने गरिन्थ्यो । अहिलेको अवस्थामा यो तथ्याङ्क ७० प्रतिशतको हाराहारीमा हुनु पर्छ । विश्वका अन्य देशहरूमा हेर्ने हो भने ८/१० प्रतिशत मानिसहरू कृषिमा संलग्न रहेको आधारमा आफूलाई पुऱ्याएर विदेश निर्यात पनि गरि रहेका हुन्छन् । तर नेपालमा भने हामीले वार्षिक खबौं रूपियाँको कृषि उपज नेपालमा भित्र्याउनु परेको छ । हामी कहिल्यै पनि आत्मनिर्भरताको दिशामा अघि बढेनौं । नेपालमा सम्भव रहेका कृषि उपजहरूमा पनि हामीले कहिल्यै पनि पाइला चालेनौं ।

**नेपालको उत्पादन लागत महँगो छ :**

नेपालमा कृषकहरूले लागत बमोजिम मूल्य पाउन नसकेको कुरा पनि आइ रहेको छ । तुलनात्मक रूपमा हेर्ने हो भने नेपालमा उत्पादित दुधको मूल्य ३३/३४ रूपियाँ छ तर हाम्रो छिमेकी मुलुक चीनमा भने १२/१५ रूपियाँ मात्र छ । यहाँनेर हाम्रो काम भनेको नेपालको दुधको उत्पादन लागतलाई कसरी घटाउन सकिन्छ भन्नेमा केन्द्रित हुनु पर्छ । नेपालमा ठुलो क्षेत्रमा गाई पालन गर्ने हो भने पनि यसको उत्पादन लागत घटाउन सकिन्छ ।

**दुधको गुणस्तर :**

दुधको गुणस्तर आफैँमा नराम्रो हुँदैन तर नेपालमा दुधको व्यवस्थापन पक्ष भने कमजोर छ । विश्वका अन्य देशहरूमा गाईका पुस्ता अनुसार उक्त गाई कस्तो वंशाणुको हो भन्ने सम्बन्धमा रेकर्ड राखिएको हुन्छ तर नेपालमा भने अहिलेसम्म पनि यस कार्यको सुरूवात हुन सकेको छैन । भारत, चीन लगायतका देशहरूमा पनि यस्ता रेकर्डहरू राख्ने गरिएको छ । दुध कति स्वस्थ छ भन्ने पनि नेपालमा अहिलेसम्म ध्यान दिन त्यति सकिएको छैन । दुध सधैं चिसो अवस्थामा नै रहनु पर्छ । तर नेपालको प्राकृतिक वातावरण आफैँमा स्वच्छ रहेको छ । त्यसमाथि नेपालमा दुध उमालेर मात्र खाने प्रचलन रहेको छ ।

**नेपालमा रोजगारी सृजना गर्नका निम्ति पहल गरौँ :**

नेपालमा नै प्रशस्त सम्भावना छन् । हामीले नेपालीहरूलाई नेपालमा नै रोकेर बाध्य मुलुकबाट विज्ञ जनशक्ति ल्याउन सक्ने हो भने नेपालमा पनि प्रशस्त अवसरहरूको सृजना गर्न सकिन्छ । यसको निम्ति राज्यले नै नीतिगत रूपमा व्यवस्था गर्न सक्नु पर्छ । पर्यटन, कृषि आदि क्षेत्रमा नेपालमा प्रशस्तै सम्भावना छन् । नेपालमा पानी प्रशस्त उपलब्ध छ । खाडी मुलुकहरूमा पानी उपलब्ध नभएको ठाउँमा त उनीहरूले साग रोपेर खान्छन् भने नेपालमा त असम्भव भन्ने कुरा नै हुँदैन । राज्यले कसैले पनि आफ्नो नाममा भएको जमिन बाँकी राख्न नपाउने र आक्तना लागि आफैं उत्पादन गर्नु पर्छ भन्ने नीति ल्याउने हो भने त नेपालमा पनि आफूलाई चाहिने खाद्यान्न आफैं उत्पादन गर्न सकिन्छ । के आत्मनिर्भरता भनेको यही नै होइन र ? यस्तो नीति ल्याएको खण्डमा नेपालीहरू बिदेसिनु पर्दैन ।

**विदेशको सिप नेपाली माटोमा प्रयोग गरौँ :**

अहिले काठमाडौँका विभिन्न ठाउँहरूमा टनेलमा गोलभैँडा खेती गर्ने प्रविधि फस्टाउँदो छ । मानिसहरू इजरायल गएर आएपश्चात् यस किसिमको प्रचलन नेपालमा सुरूवात भएको हो । अहिले नेपालमा मानिसहरू गाई, भैंसी, माछा आदिको पालनमा आकर्षित भएका छन् तर कुनै सामान्य समस्या आई राज्यको सहयोग चाहिएको खण्डमा राज्य भने उदासीन भइ दिन्छ । यसले गर्दा काम गर्न चाहने जनशक्ति पनि निरूत्साहित भइ रहेको छ । अहिलेको अवस्थामा हामी कुखुराको मासु र अन्डामा आत्मनिर्भर भएका छौँ । तर समय-समयमा आउने गरेका बर्डफ्लु लगायतका विभिन्न रोगहरूका कारण मानिसहरू त्रसित हुने र आक्तनो व्यवसायबाट पनि पलायन नै हुनु पर्ने अवस्था पनि आएको पाइन्छ । राज्यले यस्ता कुराहरूमा विचार गरेर नेपालीहरूलाई नेपालमा नै काम गर्न सक्ने किसिमले वातावरण सृजना गर्नतर्फ जोड दिनु पर्छ ।

**वैदेशिक रोजगार केन्द्रित नेपालको भविष्य के होला ?**

आफू पनि व्यवसायी बन्ने र अरूलाई पनि रोजगारी दिन चाहने हामी जस्ता बौद्धिक तथा उद्यमशील मानिसहरू नेपालमा नभई बाहिर नै गएर काम गर्नु पर्ने अवस्थामा पुग्नु परेको छ । यस कारण बौद्धिक तथा युवावर्ग नेपालमा नभई अशिक्षित र बुढापाकाहरू मात्र नेपालमा बसेको खण्डमा नेपालको भावी अवस्था के होला ? हामीले विचार गर्नु पर्ने बेला आएको छ । कतै नेपाल विश्वको अत्यन्तै कमजोर मूलकको रूपमा त परिणत हुने होइन ?